फोन नं. ०८१-५३०१५१, ५३०३३८, ५३०३१६
टोलफ्री नं. १६६० ८१ ५२०५२
फयाक्स नं. ०८१-५३०२४०
इमेल : nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप–महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज, बाँके

लुम्बिनी प्रदेश, नेपाल ।

सूचना प्रकाशित मितिः २०८०।०२।०२ गते ।

**राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था र निजी क्षेत्रका संस्थाहरुलाई आ.व. २०८०/०८१ मा यस उप-महानगर क्षेत्रमा संचालन हुने प्रस्तावित कार्यक्रम र बजेट पेश गर्ने बारे अत्यन्त जरुरी सूचना ।**

नेपालगञ्ज उप-महानगरपालिकाको आसन्न नगर सभाको अधिवेशन बाट आ.व. २०८०/०८१ (सन् २०२३/०२४) को नगर विकास योजना तयारी गर्ने क्रममा रहेकोले स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५ बमोजिम यस उप-महानगरपालिकाको नीति र मान्यता भीत्र रही संस्थाको आफ्नो स्रोत वा दातृ निकायको स्रोत बाट कार्यक्रम संचालन गर्न चाहने राष्ट्रिय, अन्तराष्ट्रिय गैर सरकारी संस्था र निजी क्षेत्रका संस्थाहरुले कार्यक्रम संचालन गर्नुपूर्व नगर सभाबाट कार्यक्रम पारित गराउनु पर्ने प्रावधान भए बमोजिम यस उप-महानगरपालिका क्षेत्रमा आगामी आ.व. २०८०।०८१ मा संचालन गर्ने कार्यक्रम र बजेट देहायको ढाँचामा नेपाली भाषामा टाइप गरि संस्थाको पत्र समेत संलग्न राखि सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात् मिति २०८०।०२।२४ गते भित्र सामाजिक, गैसस तथा साझेदारी विकास शाखाको इमेल ठेगाना social.npjmun@gmail.com मा पठाउन हुन अनुरोध छ । प्रकाशित सूचना यस कार्यालयको website: www.nepalgunjmun.gov.np मा हेर्न सकिनेछ । साथै विगत वर्षहरुमा नगरपालिकाको स्रोत प्राप्त भएमा कार्यक्रम गर्ने गरि वार्षिक योजना पेश गर्ने गरेकोले त्यसरी पेश भएको योजनालाई मान्यता नदिईने भएकोले आफ्नै स्रोत वा दातृ निकायबाट प्राप्त भई सञ्चालन गर्न सकिने अनुमानित बजेट तथा कार्यक्रम पेश गर्नका लागि पुनः स्मरण गराईएको व्यहोरा सम्बद्ध सवैमा यसै सूचना मार्फत सूचित गरिएको छ ।

**नोटः** अक्षर Preeti तथा अंक Fontasy_ Himali_TT Fonts मा टाइप गरि कार्यक्रम तथा बजेट Pen drive मा राखी तोकीएको फर्मेटमा मात्रै बुझाउनहुन अनुरोध छ । यस बाहेकको फर्मेटमा आएमा मान्य हुने छैन र फर्मेट बमोजिम सफ्ट कपी तथा प्रिन्टेड कपि पेश नगरेमा वार्षिक योजनामा संस्थाको कार्यक्रम समावेश गर्न सकिने छैन् ।

**कार्यक्रम तथा बजेट पेश गर्ने ढाचां**

**नेपालगञ्ज उप-महानगरपालिकामा पेश गरिएको**

आ.ब. २०८०/०८१ को प्रस्तावित कार्यक्रम तथा बजेट

संस्थाको नामः- ठेगानाः-
संस्थाको सम्पर्क व्यक्तिको नामः- फोन/मो.नं.
आ.व. २०८०/०८१

अनुमानित कार्यक्रम तथा बजेट

| क्र. सं. | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान, वडा नं. | लक्षित समुदाय/समुह | कार्यक्रम बजेट रु | साझेदार संस्था | कार्यक्रमको अवधि |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| | जम्मा प्रशासनिक बजेट | | | | | |
| | कूल बजेट | | | | | |

२०८०।०२।०२

प्रमुख प्रशासकीय अधिकृत
नेपालगञ्ज उप-महानगरपालिका

गोर्ख बहादुर थापा
उप-सचिव (प्रा.)
नि. प्रमुख प्रशासकीय अधिकृत